आज मिति २०८२।०५।२० गते यस लोमन्थाङ गाउँपालिकाको अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा छिरिङ गुरुङ | का.ब. वडाध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्ङग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङ्जेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | Kunga | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | बिकास के.सी. | सदस्य सचिव/ प्रमुख प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| | | अन्य उपस्थिति | | |
| १५ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | उज्वल चपाई | सहायक लेखा अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १७ | | सन्तोषराज शर्मा | स. आलेप अधिकृत | लोमन्थाङ गाउँपालिका |

प्रस्ताव नं. १: अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

प्रस्ताव नं. २: गलैंचा बुन्ने तथा केतिन सिलाई तालिम सञ्चालन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ३: परामर्श सेवा खरिद गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ४: योजना अनुगमन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ५: घुम्ति सेवा संचालन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ६: कार्यविधि पास गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ७: कार्यविधि संशोधन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ८: योजना सञ्चालन सम्वन्धमा।

## निर्णयहरुः

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो गाउँकार्यपालिकाको बैठकको समिक्षा गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजित भएको गलैंचा बुन्ने तथा केतिन सिलाई तालिम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गर्दा चालु आर्थिक वर्षमा विनियोजित भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) परामर्श सेवा मार्फत सेवा मार्फत खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आर्थिक वर्षमा पूर्वाधार विकास तर्फका योजनाहरुको गाउँस्तरिय/वडासमितिले नियमित तथा प्रभावकारी तवरले योजना अनुगमन गरी नियमित प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गर्दा त्रैमासिक रुपमा वडास्तरिय रुपमा घुम्ति सेवा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल गर्दा तपसीलका कार्यविधिहरु पास गर्ने निर्णय गरियोः-
तपसीलः

क. "बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई थप पारिश्रमिक उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" पास गर्ने निर्णय गरियो।

ख. कृषक समूहलाई सामूहिक उत्पादनमा आधारित अनुदान वितरण सम्वन्धि कार्यविधि, २०८२

ग. हेभी इक्विपमेन्ट (एक्जाभेटर) भाडामा लगाउने सम्वन्धी कार्यविधि, २०८२

निर्णय नं. ७: प्रस्ताव नं. ७ उपर छलफल गर्दा लोमन्थाङ गाउँपालिकाको गाउँसभा बैठकको २०८१।०३।१० गतेको निर्णय अनुसार "कर्मचारी प्रोत्साहन कार्यविधि २०८१" बनाई लागू गरिएकोमा उक्त कार्यविधी दफा ५ को ६ (छ) मा स्वास्थ्य शाखा/स्वास्थ्य चौकी शुरु तलव स्केलको ३० देखि ७० प्रतिशत सम्म अतिरिक्त सुविधा उपलब्ध हुने र सोको लागि दफा५ को १६मा अनुसूचि २ बमोजिमको कार्यसम्पादन सूचक स्विकृत गर्ने गरी संसोधन गर्ने निर्णय गरियो।

निर्णय नं. ८: प्रस्ताव नं. ८ उपर छलफल गर्दा गाउँपालिका स्तरिय "आर्का, भार्चा, न्यानोल, नामासुङमा ज्येष्ठ नागरिक आश्रय केन्द्र निर्माण" योजना भौगोलिक कारणले ठेक्का आव्हान गरी एकिकृत रुपमा कार्य सञ्चालन गर्न नसकिने निर्माण कार्य पनि समयमै नसकिने देखिएकोले छुट्टा छुट्टै उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो।